कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np

वर्ष ९, अंक ४, २०७९ बैशाख-आषाढ | आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन | Year 9, Issued: April-July, 2022

आन्तरिक राजस्व विभागका महानिर्देशक र थाइल्याण्डका महामहिम राजदूतबीच भेटवार्ता सम्पन्न

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री रितेश कुमार शाक्य र नेपालका लागि थाइल्याण्डका महामहिम राजदूत भोसिता भोरासाफबीच मिति २०७९ आषाढ १० (तदनुसार २४ जुन २०२२) मा महानिर्देशकज्यूको कार्यकक्षमा शिष्टाचार भेटघाट सम्पन्न भएको छ ।

उक्त भेटघाटमा महानिर्देशक शाक्यले थाइल्याण्ड र नेपालको कर प्रशासनबीच पुरानो र मित्रतापूर्ण सम्बन्ध रहेको उल्लेख गर्दै सन् १९९६ मा नै दुई देशबीच दोहोरो करमुक्ति सम्झौता भएको स्मरण गर्नुभयो। त्यसैगरी राजदूत भोरासाफले नेपाल र थाइल्याण्डको कर प्रशासनबीच आपसी अन्तर्क्रिया एवम् सहयोग आदानप्रदान महत्वपूर्ण हुने उल्लेख गर्दै थाइल्याण्डको डिजिटलाइजेशनबाट नेपालले धेरै कुरा सिक्न सक्नेतर्फ इङ्गित गर्नुभयो । त्यसैगरी थाइल्याण्डको विद्युतीय सेवा कर (DST) अध्ययन गर्न नेपाली टोलीको अध्ययन भ्रमण गर्ने विषयमा समेत छलफल भएको थियो । उक्त भेटघाटमा विभागको तर्फबाट उपहानिर्देशक श्री अर्जुन प्रसाद भट्टराई, निर्देशक श्री लक्ष्मी पराजुली, शाखा अधिकृत श्री सूर्य प्रसाद चापागाईं र नेपालस्थित थाइ राजदूताबासको तर्फबाट डेप्युटी हेड अफ मिसन उत्तोम्पोर्न अम्पाइभिटको समेत उपस्थिति रहेको थियो ।

राजस्व संकलनको अवस्था

आर्थिक वर्ष २०७८/७९ को लागि विभागलाई रू. ५ खर्ब ३७ अर्ब ९४ करोड राजस्व संकलनको लक्ष्य रहेकोमा रु. ४ खर्ब ८३ अर्ब ४८ करोड संकलन भएको छ ।यो रकम गत आर्थिक वर्षको तुलनामा रु. ५४ अर्ब २० करोड अर्थात १२.६२ प्रतिशतले बढी हो ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रु. २ खर्ब ८९ अर्ब ४९ करोड लक्ष्य रहेकोमा रु. २ अर्ब ५७ अर्ब ७ करोड संकलन भई लक्ष्यको तुलनामा ८८.७९ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. १ खर्ब ३६ अर्ब ६७ करोड लक्ष्य रहेकोमा रु. १ खर्ब १५ अर्ब ८६ करोड अर्थात लक्ष्यको ८४.७७ प्रतिशत संकलन भएको छ। अन्तःशुल्कतर्फ रू. १ खर्ब ७ अर्ब २७ करोड लक्ष्य रहेकोमा रु. १ खर्ब ३ अर्ब २ करोड संकलन भएको छ, जुन लक्ष्यको ९६.०४ प्रतिशत हुन आँउछ । स्वास्थ्य सेवा

बाँकी ५ पृष्ठमा.......

महानिर्देशकको सन्देश

सम्पूर्ण कर परिवारका सदस्यहरुलाई थप उत्प्रेरित हुँदै कुशलता, व्यावसायिकता, इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्दै सेवा प्रवाह तल्लीन रहन तथा सम्पूर्ण व्यवसायीहरुलाई व्यावसायिक स्वच्छता, प्रतिस्पर्धा र जवाफदेहिता कायम गर्दै स्वेच्छिक कर सहभागिताको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा थप योगदान गर्नुहुन अनुरोध गर्दछु ।

आ.व. २०७८/०७९ मा यस विभागको राजस्व संकलनको लक्ष्य रू. ५ खर्ब ३७ अर्ब ९४ करोड रहेकोमा रु. ४ खर्ब ८३ अर्ब ४८ करोड संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको तुलनामा रु. ५४ अर्ब २० करोड अर्थात १२.६२ प्रतिशतले बढी हो । यसरी आम करदाताहरूले मुलुकको राजस्व परिचालनमा पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दै विशेष धन्यवाद एवम् आभार प्रकट गर्न चाहन्छु ।

पछिल्लो समय विदेशी विनिमय सञ्चितिमा देखिएको दबाब कम गर्न नेपाल सरकारले चालेका नीतिगत कदमबाट आयातमा आधारित राजस्वमा केही संकुचन आएतापनी कोभिड १९ को असर कम भएसँगै पर्यटन लगायतका अर्थतन्त्रका अन्य क्षेत्रमा क्रमशः भएको सुधारसँगै आन्तरिक राजस्व परिचालनमा अभिवृद्धि हुने आधार बलियो हुँदै गएको छ ।

सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने नीति अनुरूप आर्थिक ऐन, २०७९ बाट गैरबासिन्दा व्यक्तिले नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवामा २% का दरले विद्युतीय सेवा कर र १३% का दरले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरिएको छ । आगामी दिनमा समेत कर सम्बन्धी नवीनतम अवधारणा तथा अभ्यासलाई अवलम्बन गरी कर प्रणालीलाई थप प्रगतिशील तथा सार्वजनिक वित्तलाई दिगो बनाउन विभाग निरन्तर प्रयत्नशील रहनेछ ।

विभागले स्वयम् कर निर्धारणलाई आधारभूत रुपमा स्वीकार गर्दै करदाता सेवा सहजीकरण र करदाता सन्तुष्टिलाई उच्च प्राथमिकता दिदै आएको छ । साथसाथै बजार अनुगमन, करपरीक्षण तथा अनुसन्धान, कानूनी कारबाही लगायतको माध्यमबाट समेत कर सहभागिता अभिवृद्धि गर्नेतर्फ विभाग क्रियाशील रहिआएको छ । विभाग आफ्नो संगठन संरचनाको सञ्जालीकरण, दक्ष र उत्प्रेरित जनशक्ति तथा अत्याधुनिक सूचना प्रविधिको प्रयोगमार्फत कम समय र लागतमा गुणस्तरीय एवम् करदातामैत्री सेवा प्रवाह गर्न प्रतिबद्ध छ । सो को लागि सरोकारवाला सरकारी तथा अन्य निकायहरुसँग प्रणालीगत अन्तरआवद्धतालाई प्राथमिकतामा राखिएको छ ।

अन्त्यमा, स्वच्छ, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास गरी स्वैच्छिक कर सहभागितामा अभिवृद्धि गर्दै आन्तरिक राजस्व परिचालन गर्नु हाम्रो दायित्व हो । तसर्थ, सम्पूर्ण कर परिवारका सदस्यहरूलाई थप उत्प्रेरित हुँदै कुशलता, व्यावसायिकता, इमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्दै सेवा प्रवाह तल्लीन रहन तथा सम्पूर्ण व्यवसायीहरूलाई व्यावसायिक स्वच्छता, प्रतिस्पर्धा र जवाफदेहिता कायम गर्दै स्वेच्छिक कर सहभागिताको माध्यमबाट मुलुकको आन्तरिक स्रोत परिचालनमा थप योगदान गर्नुहुन अनुरोध गर्दछु ।

रितेश कुमार शाक्य
महानिर्देशक

पेज नं. १ बाट क्रमश....

राजस्व संकलनमा.....

करतर्फ रु. ३ अर्ब ४९ करोड लक्ष्य रहेकोमा रु. ६ अर्ब २८ करोड संकलन असुली भै लक्ष्यको १७९.९८ प्रतिशत संकलन भएको छ । त्यसैगरी शिक्षा सेवा शुल्कतर्फ रु. १ अर्ब ०१ करोड लक्ष्य रहेकोमा रु. १ अर्ब २४ करोड संकलन भई लक्ष्यको तुलनामा १२२.८२ प्रतिशत संकलन भएको छ ।

रु. हजारमा

क्षेत्र	आ.व. २०७७/०७८ को संकलन	आ.व. २०७८/०७९ लक्ष्य	आ.व. २०७८/०७९ संकलन	प्रगति	वृदिदर
आयकर	२००७७०४०६	२५१३४२९४५	२२९२७४३६७	९१।२२	१४।१९
बहाल कर	२८६०७६६	४१६१२७३	३०७५८४२	७३।९२	७।५१
ब्याज कर	२२३१३७००	३३९९५३८८	२४७२१२२६	७२।७२	१०।७८
जम्मा आयकर	२२५९४४८७२	२८९४९९६०६	२५७०७२३१२	८८।७९	१३।७७
मू.अ.कर आन्तरिक	११६४३३३९५	१३६६७३१०३	११५८६१३४०	८४।७७	(०.४९)
अन्त शुल्क आन्तरिक	८१५१३७९२	१०७२७४२०५	१०३०२६०९०	९६।०४	२६।३९
स्वास्थ्य सेवा कर	५०२००३४	३४९०८४१	६२८२८६५	१७९।९८	२५।१५
शिक्षा सेवा शुल्क	३६७२४४	१०१००३६	१२४०५०१	१२२।८२	२३७।७८
कुल जम्मा	४२९२७९३३७	५३७९४७७९१	४८३४८२२३२	८९।८८	१२।६२

आन्तरिक राजस्व विभागका उप-महानिर्देशक र मलेशियाका महामहिम राजदूतबीच भेटवार्ता सम्पन्न

आन्तरिक राजस्व विभागका उप-महानिर्देशक श्री गोविन्द प्रसाद सुवेदी र नेपालका लागि मलेशियाका कार्यवाहक महामहिम राजदूत मोहमद वीन फाजल अबु हसनबीच काठमाडौंस्थित मलेशियाको राजदूताबासमा शिष्टाचार भेटघाट सम्पन्न भएको छ । भेटघाटको क्रममा उप-महानिर्देशक सुवेदीले आर्थिक विधेयक, २०७९ ले व्यवस्था गरेको विद्युतीय सेवा कर (DST) को प्रावधानलाई लागू गर्नेतर्फ आन्तरिक राजस्व विभाग क्रियाशिल रहेको उल्लेख गर्दै मलेशियाको विद्युतीय सेवा कर (DST) कार्यान्वयनको अनुभवबाट नेपालले सिक्न इच्छुक रहेको बताउनुभयो । राजदूत हसनले नेपालको कर प्रणालीको विकासमा सहयोग गर्न मलेशिया तयार रहेको बताउँदै MALAYSIAN TECHNICAL COOPERATION PROGRAMME मार्फत नेपाल लगायतका विकासशील मुलुकहरूलाई निरन्तर सहयोग गरिरहेको स्मरण गर्नुभयो ।

त्यसैगरी भेटघाटमा मलेशियाको विद्युतीय सेवा कर (DST) अध्ययन गर्न नेपाली टोलीको अध्ययन भ्रमण गर्ने विषयमा समेत छलफल भएको थियो । उक्त भेटघाटमा विभागको तर्फबाट निर्देशक श्री लक्ष्मी पराजुली र शाखा अधिकृत श्री सूर्य प्रसाद चापागाईं समेतको उपस्थिति रहेको थियो ।

विद्युतीय सेवा कर (DST) सम्बन्धी कार्यविधि हस्तान्तरण

आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री गोविन्द प्रसाद सुवेदीको संयोजकत्व गठित कार्यदलले मिति २०७९ आषाढ १९ मा विद्युतीय सेवा कर (DST) सम्बन्धी कार्यविधि-२०७९ र गैरबासिन्दा व्यक्तिले प्रदान गर्ने विद्युतीय सेवामा मूल्य अभिवृद्धि कर सम्बन्धी कार्यविधि-२०७९ को मस्यौदा तयार गरी विभागका महानिर्देशक श्री रितेश कुमार शाक्य समक्ष हस्तान्तरण गरेको छ । नेपाल सरकारले आर्थिक ऐन, २०७९ बाट गैरबासिन्दा व्यक्तिले नेपालस्थित उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवामा २% का दरले विद्युतीय सेवा कर र १३% का दरले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेसँगै सो को प्रभावकारी कार्यान्वयनको लागि विभागले कार्यविधि जारी गरेको हो ।

डिजिटल अर्थतन्त्रको आकार बढेसँगै नेपाल सरकारले पहिलोपटक विद्युतीय सेवा कर लगाउने सम्बन्धमा कानूनी व्यवस्था गरेको हो । विद्युतीय सेवा कर सम्बन्धी कार्यविधिहरू विभागको वेबसाइट www.ird.gov.np मा समेत प्रकाशित गरिएको छ ।

मूल्य हस्तान्तरण (Transfer Pricing) सम्बन्धी तालिम सम्पन्न

आन्तरिक राजस्व विभागको आयोजना एवम् GIZ RAS Project को प्राविधिक सहयोगमा मूल्य हस्तान्तरण (Transfer Pricing) सम्बन्धी १ हप्ते तालिम मिति २०७९ वैशाख २१ गते देखि २७ गते सम्म विभागको सभाहलमा सम्पन्न भएको छ । मूल्य हस्तान्तरण (Transfer Pricing) सम्बन्धमा देखिएका अन्तर्राष्ट्रिय परिदृश्य, OECD ले विकास गरेका प्रिन्सिपल एवम् आयकर ऐन, २०५८ को व्यवस्था लगायतका पक्षहरूमा के.बि. चित्रकार एण्ड कम्पनीका मनिषराज उप्रेती लगायतको समूहले प्रशिक्षण प्रदान गरेको थियो ।

तालिमको समापन समारोहमा मन्तव्य राख्दै विभागका महानिर्देशक श्री रितेश कुमार शाक्यले कर प्रशासनका हरेक सदस्यले आफूलाई अध्यावधिक राख्नुपर्नेमा जोड दिदै कार्यस्थलमा हासिल गरेको अनुभव भोलीका दिनमा पुँजीको रूपमा रहने धारणा व्यक्त गर्नुभयो । तालिममा सहभागी, प्रशिक्षक एवम् प्राविधिक सहयोगदातालाई धन्यवाद दिदैं आगामी दिनमा थप तालिमका कार्यक्रम सञ्चालन गरी कर्मचारीको ज्ञान, सीप र मनोवृत्तिमा सुधार ल्याउने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो ।

त्यसैगरी आन्तरिक राजस्व विभागले देहाय बमोजिममा तालिम कार्यक्रमहरू विभागको सभाहलमा सम्पन्न गरेको छ ।

क्र.सं.	तालिमको विषय	मिति
१.	राजस्व प्रक्षेपण (Revenue Forecasting) सम्बन्धी	२०७९ जेठ ०९ गते
२.	बेरूजु तथा वक्यौता सम्बन्धी	२०७९ जेठ १० गते
३.	कर सन्धी (Tax Treaty) सम्बन्धी	२०७९ जेठ २३ र २४ गते

आन्तरिक राजस्व कार्यालय, जुम्लाद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

आन्तरिक राजस्व कार्यालय जुम्लाको आयोजनामा संवत् २०७८ वैशाख ५ गतेका दिन कालिकोट जिल्ला स्थित विभिन्न कार्यालयहरूमा कार्यरत लेखा प्रमुखलाई अग्रिम कर कट्टी तथा सो को विवरण दाखिला र E-TDS सम्बन्धी करदाता शिक्षा कार्यक्रम सञ्चालन भएको छ । सो कार्यक्रममा कालिकोट जिल्ला स्थित ३६ सरकारी कार्यालयहरू तथा स्थानीय तहका लेखा प्रमुखहरूको उपस्थिति रहेको थियो ।

त्यसै गरी संवत २०७८ बैशाख ११ गते मुगु जिल्ला स्थित गमगढी र ऐ.१३ गते जुम्ला जिल्लास्थित सिंजा नराकोटका करदाताहरूलाई कर प्रशासनसँग सम्बन्धित विविध विषयहरुमा जानकारी गराई करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

करदाता सेवा कार्यालय, सन्धिखर्कद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, सन्धिखर्कले २०७९ असार १० गते शुक्रबार कार्यालय परिसरमा आर्थिक विधेयक, २०७९ ले उपलब्ध गराएका छुट सुविधाहरु सम्बन्धमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ । कार्यक्रममा कर अधिकृत कमल सुवेदीले आर्थिक विधेयक, २०७९ ले प्रबन्ध गरेका छुट सुविधाहरु र कर कानुनसम्बन्धी आधारभूत जानकारीहरू विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो । त्यसैगरी २०७९ आषाढ १८ गते शनिबार अर्घाखाँची उद्योग वाणिज्य सङ्घ र सन्धिखर्क नगरपालिकासँगको सहकार्यमा सन्धिखर्क बजारमा समेत करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ।

करदाता सेवा कार्यालय, विराटचोकद्धारा करदाता शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न



करदाता सेवा कार्यालय, विराटचोकको आयोजना एवम् सुन्दरहरैंचा उद्योग वाणिज्य संघ, बेलबारी उद्योग वाणिज्य संघ, केराबारी व्यापार प्रवन्ध समिति र सुन्दर दुलारी उद्योग वाणिज्य संघको समन्वयमा विभिन्न व्यवसायी तथा कर्मचारीहरुलाई १ (एक) दिने प्रविधियुक्त करदाता शिक्षा एवम् अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।२०७९ आषाढ २७ गते श्री शिक्षा निकेतन माध्यमिक विद्यालयको प्रयोगात्मक कम्प्युटर ल्यावमा सञ्चालित कार्यक्रममा उद्योगी, व्यवसायी एवम् कर्मचारी गरी करिब ५० जनाको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रममा सहभागीहरुलाई विधुतीय माध्यमबाट स्थायी लेखा नम्बर (PAN) दर्ता गर्ने, डे-०१ प्रविष्टि गरि आय विवरण पेश गर्ने तथा करचुक्ता प्रमाण पत्र प्राप्त गर्ने, KYT भर्ने, डे-०१ को मिसम्याच हेर्ने र कर गणना गर्ने, User ID बनाउने तथा Password Reset गर्ने, तिरेको रकमको जानकारी पाउने तरिका एवम् करदाता पोर्टलको विभिन्न मेनुहरुका साथै कर सम्बन्धी प्रयोगात्मक अभ्यासद्धारा शिक्षा प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा करदाता सेवा कार्यालय विराटचोकका कर अधिकृत श्री दिपेश खनालले मौजुदा कर कानुन तथा कर सम्बन्धी अनलाईन माध्यमबाट संचालन गर्न सकिने काम कार्यवाहीबारे सहजीकरण गर्नु भएको थियो भने नायब सुब्बा श्री युवराज गुरागाईंले करसम्बन्धी अनलाईन सेवाको प्रयोगात्मक अभ्यास गराउनु भएको थियो । कार्यक्रममा मन्तव्य राख्दै उद्योग वाणिज्य संघका अध्यक्षहरूले आन्तरिक राजस्व विभागको सूचना प्रविधि प्रणालीको प्रयोग गर्न व्यवसायी आफैं सक्षम र सचेत बन्नुपर्ने बताउनु भएको थियो ।

करदाता सेवा कार्यालय, तानसेनद्वारा करदाता शिक्षा कार्यक्रम सम्पन्न

करदाता सेवा कार्यालय, तानसेनले मिति २०७९ वैशाख १९ मा होटल न्यु श्रीनगर रामपुर, पाल्पाको सभाहलमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा रामपुर क्षेत्रका विद्यालय तथा सरकारी कार्यालयका लेखा सम्बन्धी कार्य गर्ने कर्मचारीलाई ETDS सम्बन्धी शिक्षा प्रदान गरिएको थियो । कार्यक्रममा कर अधिकृत श्री गिता पाण्डेले सहजीकरण गर्नुभएको थियो भने उद्योग वाणिज्य संघ रामपुरले कार्यक्रमको समन्वय गरेको थियो ।

त्यसैगरी मिति २०७९ जेठ २८ मा जिल्ला समन्वय समितिको सभाहलमा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा पाल्पा जिल्लास्थित सम्पुर्ण कार्यालयका लेखा प्रमुखहरुसँग ठेक्का, परामर्शको मू.अ. कर दाखिला, ETDS र आयकर सम्बन्धी जानकारी प्रदान गरिएको छ । साथै कार्यालयले नयाँ दर्ता भएका करदातालाई करसम्बन्धी आधारभूत जाकारी प्रदान गर्ने हेतुले नियमित रूपमा करदाता शिक्षा कार्यक्रम समेत सञ्चालन गर्दै आएको छ ।

करदाता सेवा कार्यालय, खाँदबारीद्वारा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न

करदाता सेवा कार्यालय, खाँदबारीले मिति २०७९ जेष्ठ २८ गते संखुवासभा उद्योग वाणिज्य संघको सभाहलमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा कर सम्बन्धी समसामयिक विषय, करदाताले पालना गर्नुपर्ने विषयहरु, कर दाखिला, मिसम्याच, बजार अनुगमन लगायतका विषयमा जानकारी प्रदान गरिएको थियो । आन्तरिक राजस्व कार्यालय, धरानका प्रमुख कर अधिकृत श्री गोबिन्दराज आचार्य, प्रमुख जिल्ला अधिकारी श्री नूरहरि खतिवडा, संखुवासभा उद्योग वाणिज्य संघका अध्यक्ष श्री कृष्णभगत प्रधान, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख श्री प्रेमचन्द्र राई लगायतले कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो ।

करदाता सेवा कार्यालय, खाँदबारीका कर अधिकृत श्री सुरज कुमार पौडेलले कर कानूनका समसामयिक विषयमा जानकारी गराउनु भयो भने आन्तरिक राजस्व कार्यालय, धरानका कर अधिकृत श्री गोपाल राई र कम्प्युटर अपरेटर श्री गोविन्द प्रसाद पौडेलले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । छलफलमा उठेका जिज्ञासा एवं समस्याहरुको समाधान, सुझाव र निर्देशन सहित प्रमुख कर अधिकृत श्री गोबिन्दराज आचार्यले कार्यक्रम समापन गर्नुभएको थियो ।

करदाता सेवा कार्यालय, खैरहनीद्वारा एक दिने करदाता शिक्षा कार्याक्रम सम्पन्न

करदाता सेवा कार्यालय, खैरहनीको आयोजनामा २०७९ असार ७ गते खैरहनी नगरपालिका वडा नं. ८ स्थित सुनगाभा कलेजमा करदाता शिक्षा सम्बन्धी अन्तक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा करदाता सेवा कार्यालय, खैरहनीका कर अधिकृत श्री अर्जुन पन्थीले सहजीकरण गर्नुभएको थियो । उक्त कार्यक्रममा स्थायी लेखा नम्बर, अग्रिम कर कट्टी, E-TDS, आयकर, मुल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका विषयमा आधारभूत जानकारी गराउनुका साथै आर्थिक विधयेक, २०७९ मा भएका छुट, सहुलियत लगायतका बारेमा जानकारी गराइएको थियो ।

सो अवसरमा करदाता सेवा कार्यालय, खैरहनीद्वारा प्रकाशन गरिएको कर सम्बन्धी आधारभूत जानकारी रहेको ब्रोसर समेत वितरण गरिएको थियो ।

करदाता सेवा कार्यालय, मन्थलीद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, मन्थलीको आयोजना एवम् रामेछाप उद्योग वाणिज्य संघको समन्वयमा २०७९ असार १४ गते मन्थलीस्थित जि.एस. होटलमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्याक्रम भएको छ । उक्त कार्यक्रममा आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क लगायतका कर कानूनका आधारभूत विषयका साथै आर्थिक विधेयक, २०७९ ले प्रबन्ध गरेका विभिन्न छुट सुविधा सम्बन्धमा जानकारी प्रदान गरिएको थियो । मन्थली नगरपालिकाको उपप्रमुख श्री ईश्वरी बस्नेतको प्रमुख आतिथ्यतामा सञ्चालित उक्त कार्यक्रममा रामेछाप उद्योग वाणिज्य संघका विभिन्न पदाधिकारीहरूको समेत उपस्थिती रहेको थियो भने कर अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेले सहजीकरण गर्नुभएको थियो ।

करदाता सेवा कार्यालय, गौरद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, गौरले मिति २०७९ आषाढ ६ गते सया पार्टी प्यालेस, गौर रौतहटमा ETDS सम्बन्धी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा कर अधिकृत श्री पप्पु कुमार गुप्ता, नायब सुब्बा रामकाजी नगरकोटी र कम्प्युटर अपरेटर प्रमोद कुमार सिंहले प्रस्तुतीकरण दिनुभएको थियो । प्रमुख कोष नियन्त्रक श्री अर्जुन बरालको प्रमुख आतथ्यितामा सम्पन्न उक्त कार्यक्रममा सरकारी कार्यालय (स्थानीय तह समेतका) लेखा अधिकृत, लेखापाल, सहलेखापालहरुको उल्लेखनीय सहभागिता रहेको थियो ।

करदाता सेवा कार्यालय, कलैयाद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, कलैया बाराको आयोजनामा २०७९ जेठ १९ गते १(एक) दिने करदाता शिक्षा तथा अर्न्तक्रिया कार्यक्रम बाराको सुवर्ण गा.पा सम्पन्न भएको छ । कार्यक्रममा कर अधिकृत श्री भविश्वर पोखरेलले कर कानुनका साथै आर्थिक विधेयक २०७९ ले व्यवस्था गरेका छुट सुविधाको विषयमा जानकारी गराउनु भएको थियो ।

कार्यक्रममा सुवर्ण गा.पा वा८ नं. २ का वडा अध्यक्ष श्री रन्जित प्रसाद यादव लगायत अन्य उद्योगी, व्यवसायी, सचांरकर्मी तथा सरोकारबालाहरुको सार्थक सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरुले बाराको कलैयामा सेवा कार्यालय स्थापना भए पश्चात सेवा प्राप्त गर्न सरल र सहज भएको बताउँदै अगामी दिनमा थप करदाता शिक्षा कार्यक्रम संचालन गरी व्यवसायीका कर सम्बन्धी द्धिविधा न्यूनीकरण गर्दै जानुपर्ने बताएका थिए । यसैगरी २०७९ आषाढ ०८ गतेका दिन सिम्रौनगढ नगरपालिकामा समेत करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको थियो।

करदाता सेवा कार्यालय, धनकुटाद्वारा करदाता शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न

करदाता सेवा कार्यालय, धनकुटाद्वारा उद्योग बाणिज्य संघ, बसन्तपुर शाखाको समन्वय र सहयोगमा २०७९ आषाढ १० मा बसन्तपुर तथा उद्योग बाणिज्य संघ, तेह्रथुमको समन्वय र सहयोगमा २०७९ आषाढ १८ मा म्याङलुङ, तेह्रथुममा करदाता शिक्षा एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

उक्त कार्यक्रमहरुमा सहभागीहरुलाई कर प्रणालीका आधारभुत पक्षहरूका विषयमा जानकारी गराइएको थियो । साथै आर्थिक विधेयक, २०७९ ले गरेका नयाँ व्यवस्था तथा छुट, सहुलियत बारेमा समेत करदाताहरूलाई जानकारी गराइएको थियो ।

करदाता सेवा कार्यालय, तौलिहवाद्वारा E-TDS तथा W-PAN सम्बन्धी करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, तौलिहवाले मिति २०७९ आषाढ १६ मा कपिलवस्तु जिल्लास्थित तौलिहवामा कपिलवस्तु नगरपालिका शिक्षा शाखाको समन्वय र सहयोगमा कपिलवस्तु नगरपालिका भित्रका सामुदायिक विद्यालयका लेखा हेर्ने कर्मचारीको उपस्थितिमा E-TDS तथा W-PAN विषयक करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको छ । कर अधिकृत श्री योगेश पन्थीको अध्यक्षता तथा कपिलवस्तु नगरपालिकाका शिक्षा शाखा प्रमुख श्री हरि प्रसाद ज्ञवालीको प्रमुख आतिथ्यता सञ्चालित कार्यक्रममा ५७ जनाको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सामुदायिक विद्यालयले अनिवार्य रुपमा W-PAN लिन पर्ने र E-TDS गर्नुपर्ने विषयमा जानकारी गराइएको थियो। साथै E-TDS गर्ने प्रक्रियाको बारेमा व्यवहारिक अभ्यास गराइएको थियो । E-TDS का सैद्धान्तिक विषयमा कार्यालयका कर अधिकृत श्री योगेश पन्थीले प्रस्तुतीकरण गर्नुभएको थियो भने डा.ई.सु श्री विष्णु प्रसाद ज्ञवालीले E-TDS का व्यवहारिक पक्षमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रमका सहभागीहरुले E-TDS को महत्व तथा प्रक्रियाका बारेमा आफूहरु अनविज्ञ रहेको हुँदा यस कार्यक्रमले E-TDS गर्न प्रोत्साहन गरेको प्रतिक्रिया दिएका थिए ।

करदाता सेवा कार्यालय श्रीनगर, सल्यानद्वारा कर शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, श्रीनगर सल्यानले २०७९ जेठ २८ मा रुकुम (पश्चिम) को मुसिकोट नगरपालिकामा आर्थिक विधेयक, २०७९ ले प्रबन्ध गरेका छुट तथा सहुलियत सम्बन्धमा कर शिक्षा कार्यक्रम संचालन गरेको छ। रुकुम (पश्चिम) का व्यावसायिक प्रतिनिधि तथा करदाताहरूको उपस्थितिमा सञ्चालित कार्यक्रममा कर अधिकृत श्री कवीन्द्रप्रसाद लम्सालले सहजीकरण गर्नुभएको थियो ।

करदाता सेवा कार्यालय, चरिकोटद्वारा करदाता शिक्षा कार्यक्रम सम्पन्न

करदाता सेवा कार्यालय, चरिकोटले मिति २०७९ आषाढ ३२ गते दोलखा जिल्लाको विगु, सिंगटी र गौरिशंकर गाउँपालिकाको केन्द्रविन्दुको रुपमा रहेको सिंगटी बजारमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रममा कर अधिकृत श्री गणेश बहादुर डाँगीले आर्थिक विधेयक, २०७९ ले व्यवस्था गरेका छुट तथा सुविधाहरूको सम्बन्धमा करदाताहरूलाई जानकारी प्रदान गर्नुभएको थियो । सिंगटी उद्योग वाणिज्य संघको समन्वयमा स्थानीय व्यवसायीहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको छ ।

साथै सहकारी संस्थाहरुले ब्याज, पारिश्रमिक तथा अन्य रकम भुक्तानी गर्दा गर्नुपर्ने अग्रिम कर कट्टी (TDS) सम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक (Practical) पक्षमा जानकारी गराउने उद्देश्यले मिति २०७९/१२/२४ गते जिल्ला समन्वय समितिको सभाहलमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम संचालन भएको छ । उक्त कार्यक्रममा दोलखा जिल्लामा रहेका वित्तीय तथा बहुउद्देश्यीय सहकारी संस्थाहरूका व्यवस्थापक तथा लेखापालनमा संलग्न कर्मचारीहरुको उपस्थिति रहेको थियो।

करदाता सेवा कार्यालय, गोरखाद्वारा करदाता शिक्षा कार्यक्रम सञ्चालन

करदाता सेवा कार्यालय, गोरखाले २०७९ जेठ १९ गते जिल्लास्थित स्थानीय तह र गोरखा नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूका लेखा प्रमुखहरूलाई e-TDS सम्बन्धी १ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा करदाता सेवा कार्यालयका कर अधिकृत श्री अर्चना आचार्यले सहजीकरण गर्नुभएको थियो भने आन्तरिक राजस्व कार्यालय, दमौलीका कम्प्युटर अधिकृत श्री राम प्रसाद पोखरेल र ना.सु. श्री टीकाराम शर्माले e-TDS सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। कार्यक्रममा कुल ४४ जनाको उपस्थिति रहेको थियो।

त्यसैगरी २०७९ आषाढ २१ मा आर्थिक विधेयक २०७९ ले प्रबन्ध गरेका छुट सुविधाहरू र कम्प्युटर बिलिङ सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा करदाता सेवा कार्यालयका कर अधिकृत श्री अर्चना आचार्य र आन्तरिक राजस्व कार्यालय, दमौलीका कम्प्युटर अधिकृत श्री राम प्रसाद पोखरेलले संयुक्त प्रस्तुतीकरण गर्नुभएको थियो । उक्त कार्यक्रम आन्तरिक राजस्व कार्यालय, दमौलीका प्रमुख कर अधिकृत श्री नारायण ढकालको अध्यक्षतामा सम्पन्न भएको थियो ।

करदाता सेवा कार्यालय चकचके, प्यूठानद्वारा करदाता शिक्षा तथा अन्तरक्रिया सम्पन्न

करदाता सेवा कार्यालय, चकचके प्युठानले २०७९ जेठ २० गते जिल्लाको सरुमारानी गाउँपालिका २, को दर्भान बजारमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा कर अधिकृत श्री सनु काफ्लेले सहजीकरण गर्नु भएको थियो । ४८ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा करदाताले पालना गर्नु पर्ने कर कानुनका विषयहरू, कर विवरण तथा कर रकम दाखिला सम्बन्धमा विद्यमान कानुनी प्रावधान तथा कम्युटर प्रणालीमा प्रविष्टि विभिन्न पक्षहरूमा अन्तरकृया तथा छलफल गरिएको थियो ।

यसैगरि २०७९ आषाढ २५ गते नौबहिनी गाउँपालिका-०६, बहाने बजारमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । ५० जनाको सहभागीता रहेको उक्त कार्यक्रममा कर अधिकृत श्री सनु काफ्लेले सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा आर्थिक विधेयक, २०७९ मा गरिएका विभिन्न प्रावधानहरूका बारेमा छलफल तथा अन्तर्क्रिया भएको थियो ।

आन्तरिक राजस्व विभाग आर्थिक विधेयक, २०७९ ले प्रदान गरेका छुट तथा सहुलियत

क्र.सं.	दफा	व्यवस्था
		छुट तथा सहुलियत
१	दफा २१	**कोभिड-१९ को सङ्क्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्थाः** (१) तीस लाख रुपैयाँसम्मको कारोबार वा तीन लाख रुपैयाँसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७८/७९ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुनेछ। (२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने तीस लाख रुपैयाँदेखि एक करोड रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७८/७९ मा लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ। (३) होटल, ट्राभल, ट्रेकिङ्ग, चलचित्र व्यावसाय (निर्माण, वितरण तथा प्रदर्शन), पार्टी प्यालेस, सञ्चार गृह (मिडिया हाउस), वा यातायात सेवाको एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने बासिन्दा व्यक्तिलाई आय वर्ष २०७८/७९ मा आफ्नो व्यावसायिक उद्देश्य अनुरूपको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पचास प्रतिशत छुट हुनेछ ।

२	दफा २२	**सूचना प्रविधिमा आधारित कारोबारलाई प्रोत्साहन सम्बन्धी विशेष व्यवस्था:** कुनै बासिन्दा व्यक्तिले आय वर्ष २०७९/८० मा बिजनेश प्रोसेस आउटसोर्सिङ्ग, सफ्टवेयर प्रोग्रामिङ्ग, क्लाउड कम्प्युटिङ्ग लगायतका सूचना प्रविधिमा आधारित सेवा प्रदान गर्ने कारोबार गरी सो बापत विदेशी मुद्रा आर्जन गरेमा त्यस्तो व्यक्तिलाई आय वर्ष २०७९/८० मा विदेशी मुद्रामा प्राप्त गरेको आयको हदसम्म आयकर ऐन, २०५८ बमोजिमको करयोग्य आयमा एक प्रतिशत मात्र कर लाग्नेछ।
३	दफा २३	**ढुवानी साधनको भाडा बापतको खर्च कट्टी सम्बन्धी विशेष व्यवस्था:** ढुवानी सेवा प्रदायक व्यवसायीले आफ्नो व्यवसाय सञ्चालनको लागि आर्थिक वर्ष २०७७/७८ मा स्थायी लेखा नम्बर नभएका प्राकृतिक व्यक्तिबाट ढुवानीका साधन भाडामा लिई त्यस्तो भाडा बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) बमोजिम अग्रिम कर कट्टी गरी भुक्तानी गरेकोमा सो ऐनको दफा २१ को उपदफा (१) को खण्ड (घ२) बमोजिमको बीजक नभए पनि त्यसरी भुक्तानी गरिएको भाडा बापतको रकम सो आय वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउनेछ।
४	दफा २४	**प्राइभेट फर्म तथा कम्पनी नवीकरण शुल्क मिनाहा सम्बन्धी विशेष व्यवस्था:** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ तथा कम्पनी ऐन, २०६३ बमोजिम दर्ता भएका आर्थिक वर्ष २०७६/७७ सम्मको वार्षिक विवरण नबुझाएका तथा नवीकरण नगरेका फर्म तथा कम्पनीले संवत् २०७९ साल पुस मसान्तभित्र विवरण र जरिबाना तथा शुल्कको पाँच प्रतिशत रकम बुझाएमा बाँकी जरिबाना तथा शुल्क मिनाहा हुनेछ।
५	दफा २५	**करको दायरामा आउनेलाई कर, शुल्क तथा व्याज मिनाहा हुने:** (१) कुनै व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७५/७६, २०७६/७७ र २०७७/७८ को आय विवरण र सोमा लाग्ने कर संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिनाहा हुनेछ। (२) उपदफा (१) बमोजिम आय विवरण र कर बुझाएमा सोभन्दा अघिका आर्थिक वर्षहरूको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिनाहा हुनेछ। (३) उपदफा (१) मा तोकिएको अवधिभित्र आय विवरण र सोमा लाग्ने कर दाखिल नगरेमा सो अवधि व्यतित भएपछि त्यस्तो कर, शुल्क तथा ब्याज मिनाहा नगरी पूरै असुल गरिनेछ।

६	दफा २६	**संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) करदातालाई बक्यौता मूल्य अभिवृद्धि कर छुट सम्बन्धी बिशेष व्यवस्थाः** (१) मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दर्ता भएका संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) ले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण र कर नबुझाएको भए बुझाउन बाँकी कर विवरण, सो विवरण बमोजिमको कर र व्याजको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्ममा बुझाएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम लाग्ने जरिवाना, थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ। (२) उपदफा (१) बमोजिमका करदाताले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर विवरण बुझाई कर दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता कर र व्याजको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा मूल्य अभिवृ-द्धि कर ऐन, २०५२ बमोजिम लाग्ने थप दस्तुर र बाँकी व्याज मिनाहा हुनेछ।
७	दफा २७	**अन्तःशुल्क इजाजतपत्रवालालाई बक्यौता अन्तःशुल्क छुट सम्बन्धी विशेष व्यवस्थाः** (१) अन्तःशुल्क ऐन, २०५८ बमोजिम अन्तःशुल्क विवरण पेश गर्नुपर्ने स्वयं निष्काशन प्रणालीमा आधारित इजाजतपत्रवालाले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनु पर्ने अन्तःशुल्क विवरण र अन्तःशुल्क नबुझाएको भए उक्त बुझाउनु पर्ने बाँकी अन्तःशुल्क विवरण, सो विवरण बमोजिमको अन्तःशुल्क रकम र विलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिवाना र बाँकी विलम्ब शुल्क मिनाहा हुनेछ। (२) उपदफा (१) बमोजिमका इजाजतपत्रवालाले संवत् २०७८ साल चैत मसान्तसम्मको आफूले बुझाउनुपर्ने अन्तःशुल्क विवरण बुझाई अन्तःशुल्क दाखिला गर्न मात्र बाँकी रहेको भएमा बक्यौता अन्तःशुल्क र बिलम्ब शुल्क बापतको पचास प्रतिशत रकम संवत् २०७९ साल पुस मसान्तसम्म बुझाएमा अन्तःशुल्क ऐन, २०५८ बमोजिम लाग्ने जरिवाना र बाँकी बिलम्ब शुल्क मिनाहा हुनेछ।

८	दफा २८	**मौज्दात लगत कट्टा सम्बन्धी विशेष व्यवस्था:** आन्तरिक राजस्व कार्यालयले स्थलगत निरीक्षण प्रतिवेदन सहित लगत कट्टाको लागि सिफारिस गरिसकेको तर लगत कट्टाको निर्णय हुन नसकेका अन्तःशुल्क इजाजतपत्र प्राप्त उद्योगहरुले पन्ध्र वर्ष भन्दा पुराना मौज्दात लगत कट्टाको लागि संवत् २०७९ साल पुसभित्रमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा निवेदन दिएमा त्यस्तो मौज्दातको लगत कट्टा हुनेछ ।
९	दफा २९	**पूर्वानुमानित तथा कारोबारमा आधारित आय विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था:** (१) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिला गरेका करदाताले आर्थिक वर्ष २०७७/७८ सम्मको आफ्नो कारोबार घोषणा गर्दा वास्तविक कारोबार अङ्क फरक परेको भएमा त्यस्ता करदाताले संवत् २०७९ साल चैत मसान्तभित्र प्रत्येक आर्थिक वर्षको वास्तविक कारोबार घोषणा गरी फरक परेको बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिल गरेमा करदाताले घोषणा गरेको हदसम्मको कर अन्तिम हुनेछ । (२) आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) तथा (४क) बमोजिम आय विवरण र कर दाखिल गरेका करदाताको आर्थिक बर्ष २०७७/७८ सम्मको वास्तविक कारोबार अङ्क फरक परेको आधारमा संवत् २०७९ साल जेठ १४ सम्म आयकरतर्फ संशोधित कर निर्धारण र मूल्य अभिवृद्धि करतर्फ कर निर्धारण भई वक्यौता रहेका करदाताले कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर संवत् २०७९ साल चैत मसान्तसम्म दाखिला गरेमा वा यस्तो कर निर्धारण उपर चित्त नबुझाई कानून बमोजिम प्रशासकीय पुनरावलोकन वा अन्य न्यायिक निकायमा पुनरावेदन गरेको करदाताले मुद्दा फिर्ता लिई कर निर्धारण गर्दा कायम भएको थप बिक्री रकमको एक दशमलब पाँच प्रतिशत कर दाखिल गरेमा बाँकी कर, थप दस्तुर, जरिवाना र शुल्क मिनाहा हुनेछ।

१०	दफा ३०	**खोप उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेसिन तथा उपकरणमा कर छुट सहुलियत सम्वन्धी विशेष व्यवस्था:** खोप उद्योग स्थापनाको लागि स्वीकृत स्किम बमोजिम आवश्यक पर्ने मेसिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट हुनेछ।
११	दफा ३१	**तरल अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने मेसिन तथा उपकरणमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था:** तरल अक्सिजन उद्योग स्थापनाको लागि आवश्यक पर्ने भन्सार उपशीर्षक ८४२१.३९.१० मा पर्ने मेसिन उपकरणको पैठारीमा आर्थिक वर्ष २०७९/८० मा लाग्ने भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर छुट हुनेछ ।

नोटः दफा २१, २३, २४, २५, २६, २७, २८ र २९ मिति २०७९/०२/१५ देखि लागू हुनेछन् र अन्य दफा मिति २०७९/०४/०१ देखि लागू हुनेछन् ।

प्रकाशक:

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोनः ४४१५८०२/४४१५८०३/४४१२२४७/४४१९७१९/४४३९७९७/४४३९७८९
फ्याक्सः ४४११७८८, इमेलः hrd@ird.gov.np, वेभसाइटः www.ird.gov.np

संरक्षक
रितेश कुमार शाक्य

सल्लाहकार
अर्जुन प्रसाद भट्टराई
टंक प्रसाद पाण्डेय
गोविन्द प्रसाद सुवेदी
रमेश शर्मा पौड्याल

सम्पादन समूह
लक्ष्मी पराजुली
राजु वि.क.
ठग बहादुर महोत्रा
राज कुमार पोखेल
गणेश विक्रम शाही
केदार कुमार श्रेष्ठ
नारायण प्रसाद उपाध्याय
सूर्य प्रसाद चापागाईं